नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(..........................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकसः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या(अनुमतिपत्र ) ०८१/८२
चलनी नं.:- ५६८

मितिः २०८१/०९/२४

**बिषयः** पोखरिया सौर्य विद्युत आयोजना को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री सनसोलार इनर्जी प्रा. लि.
बिरगंज , पर्सा
९८०२९२२१९५ , ९८०१०१०११६

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित **पोखरिया सौर्य विद्युत आयोजना**को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त उपर कारबाही हुँदा “विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका,२०७५ को दफा ७,८ र ९ अनुसार तथा “ग्रिड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धि कार्यविधि ,२०७८” बमोजिम निम्नानुसारका विवरणहरु अझै नपुग देखिएकोले निर्देशिकाको दफा (१०)को उपदफा (३) अनुसार **३५(पैतिस)** दिनको समयावधि पेश गर्नुहुन विभागको मिति २०८१/०९/२२ को निर्णयानुसार जानकारी गराइन्छ।

**तपशिलः**

१. CA बाट प्रमाणित कम्पनीको नाममा रहेको खुद सम्पति (नेट वर्थ)को प्रमाणित प्रति ।
२. नेट वर्थ प्रमाणित गर्ने CA को संस्था दर्ता प्रमाण-पत्र,नवीकरण प्रमाण पत्र तथा Certificate Of Practice का प्रमाणित प्रतिहरु ।
३. प्रवर्द्धक कम्पनी को अद्यावधिक शेयर लगत अभिलेख |
४. अध्ययन सम्पन्न गर्न र शुरुको एक वर्षमा गर्ने अध्ययनको कार्य तालिका (Work Schedule) ।
५. परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत (Cost Breakdown)।
६. प्रति मे.वा. न्यूनतम १० लाख को दरले आयोजनाको कुल क्षमतालाई खाम्ने गरि कम्पनीको नाममा रहेको खुद सम्पति (नेट वर्थ)को CA बाट प्रमाणित प्रति ।
७. परामर्शदाताको कम्पनी दर्ता प्रमाण पत्र , प्रबन्ध-पत्र , नियमावली, PAN दर्ता तथा कर चुक्ता प्रमाणका प्रमाणित प्रतिलिपिहरु ।
८. परामर्शदाता कम्पनी र प्रवर्द्धक कम्पनी विच सम्भाव्यता अध्ययन गर्न भएको सम्झौतापत्र |
९. Soft Copy Of Desk Study Report in Editable Format ।
१०. प्रस्तावित आयोजना सिंचाई योग्य जमिन भित्र नपर्ने भनी जलस्रोत तथा सिंचाई विभाग **तथा** प्रदेश सरकार अन्तर्गतको सिंचाई सम्बन्धि मन्त्रालयको सिफारिस पत्र(आयोजना क्षेत्रको Coordinates खुलेको),
११. प्रस्तावित आयोजना निकुन्ज तथा आरक्षण क्षेत्र भित्र नपर्ने भनी वन तथा वातावरण मन्त्रालयको सिफारिस पत्र(आयोजना क्षेत्रको Coordinates खुलेको) ।
१२. प्रस्तावित सौर्य आयोजनाको लागि सर्वेक्षण क्षेत्र अत्यधिक धेरै प्रस्ताव गरेको हुँदा क्षेत्र घटाएर प्रति मेगावाट अधिकतम् ३ हेक्टर (वा ४.५ विघा) भन्दा धेरै क्षेत्र नहुने गरि प्रस्ताव गर्नु हुन।

(नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग, २०५०)